# साझेदारी नेपाल इनरुवा ९, सुनसरीको सहजिकरणमा इनरुवा नगरपालिकाको कार्यालय इनरुवा सुनसरीको सार्वजनिक सुनुवाई कार्यक्रम २०७९ को सम्पन्न कार्यक्रमको प्रतिवेदन ।

# कार्यक्रमको प्रगति प्रतिवेदन

**प्रतिवेदन तयार गरेको मिती :** २०७९/१२/५ गते

**१. सम्पन्न कार्यक्रमको संक्षिप्त बिवरण :**

| | |
|---|---|
| बजेट | १४९५००। |
| क्रियाकलाप शिर्षक | **इनरुवा नगरपालिका कार्यालयको आर्थिक वर्ष २०७९।०८० को विन्योजित सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रम** |
| सहभागी छनौट | स्थानीय तह, जनप्रतिनिधि, राजनीतिक दलहरु न्यायिक समिति सहितका विषयगत कर्मचारी र सामाजिक संचार माध्यममा सूचना प्रशारण तथा नगर र वडा कार्यालयबाट पत्राचार गरि सबैलाई समेटीने गरी छनौट गरियो । |
| सम्पन्न मिति/अवधि/समय | २०७९/१२/३ गते सार्वजनिक सुनुवाई सम्पन्न |
| स्थान | इनरुवा नपा |
| कार्यक्रमको उदेश्य | ➢ सरकारी सेवा प्रतिको नागरिकको सन्तुष्टी मापन सतही रुपमा गर्ने ।<br>➢ स्थानीय सरकारसंग सिधा प्रस्नोतर गर्ने अवसर<br>➢ स्थानीय सरकार रहेको र सरकारले कामलाई प्रभावकारी बनाउन सुझाव मागेको सन्देश दिने<br>➢ मानवअधिकारको बारेमा जानकारी गराई सचेतना प्रदना गर्ने<br>➢ अधिकारमा सहज पहुचको वतावरण सृजना गर्ने र त्यसका लागि सार्थक प्रयत्न गर्ने । |
| अन्य बिवरण सुनसरीको इनरुवा नगरपालिकामा आर्थिक वर्ष २०७९।०८० को विनयोजित सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । | |

## प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति पत्र २०७९

**पृष्ठभुमि :**

मानब सभ्यताको विकास सँगै शिक्षा, ज्ञान, शिप र धारणाको कुरा र नबिन प्रबिधि पनि विकास भईरहेका छन । यी सबैमा अनुशासन, पारदर्शिता, जवाफदेहिताको आवश्यक ठान्दै आएको र विश्वमा यसको क्रमशः संस्थागत विकास हुदै आएको छ । हुन त विकास जनताको नागरिक अधिकार हो, विकासमा जनताको स्वामित्व हुनु समेत उसको अधिकार भित्र पर्दछ । विकासका लाभहरु जनताको पहुँचमा हुनु पर्दछ । लोकतन्त्र, सामाजिक न्याय, समानता र स्वतन्त्रताको लागी संचारजगतको अहम भुमिका रहन्छ । यसमा सबै समुदायको

विकास र क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । त्यसलाई सार्थक गर्ने उद्धेश्यले यो शुसाशनको सुचक समेत पुरा गर्ने र नागरिकलाई प्रत्यक्ष सहभागीताको सुनिश्चितताका लागि प्रस्ताब पत्र तयार गरि सभ्य र भव्य रुपमा सम्पन्न गरेका छौं । हाम्रो सेवा राम्रो भएको अवस्था छ यसलाई उतकृष्त बनाउन, उतकृष्ट भएको अवस्था पाईए सर्वोतकृष्ट बनाउन योगदान गर्ने गरि नगरपालिकासगैं १० वटै वटाका नागरिकसंग नागरिक सन्तुष्टी सर्वेक्षण, वहिर्गमन पत्र सर्वेमा समावेस गरी कार्यन्वयन गर्ने काम गरियो ।

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम २०७९**

**कार्यक्रमको लक्ष्य :-**

- सरकारी सेवा प्रतिको नागरिकको सन्तुष्टी मापन गर्ने ।
- स्थानीय सरकारसंग सिधा प्रस्नोतर गर्ने
- स्थानीय सरकार रहेको र सरकारले कामलाई प्रभावकारी बनाउन सुझाव मागेको सन्देश र नागरिक अधिकारको बारेमा जानकारी दिने
- उनीहरुलाई अधिकारको बारेमा जानकारी गराई सचेतना प्रदना गर्ने
- अधिकारमा सहज पहुचको वतावरण सृजना गर्ने र त्यसका लागि सार्थक प्रयत्न गर्ने ।

**उद्देश्य :**

- यहाँका १०० जना सबै बस्ति पर्ने गरि सरोकारबालाहरुलाई सहभागि गराई कार्यक्रम गर्ने । नागरिक अधिकार र कतर्व्यको आधारभुत ज्ञान र सिप प्रदान गर्ने ।
- सरकारी सेवाको प्रभावकारिता बारेमा जानकारी दिने र जागरुकता बढाउने ।

**लाभान्वित संख्या :** नगरपालिकाको १० वडा भरीका ४०० जना (समाबेशि आधारमा)

**सहभागि छनौटका आधारहरु :**

सार्बजनिक संचार माध्यममा पर्याप्त सुचना जारि गरि समानुपातिक आधारमा साविकका वडामा सहभागिहरु छनौट गरिएको छ । कार्यालय समयमा नगरापलिकाको कार्यालय , शाखाहरु, वडा कार्यालयमा बसेर तथा केही गाउँटोल र सिमान्तकृत बस्तीमा पुगेर प्रश्नावलीका आधारमा सन्तुष्टि मापन गर्नेका छ । नागरिक सन्तुष्टी र बहिरगमन पत्र समेत भर्ने अनि त्यसलाई सार्वजनिक सुनवाईमा पेश गरिने छ ।

**सहजकर्ता**

करिब दुईदशकदेखी शुसाशनको क्षेत्रमा काम गर्दै आउनुभएका पत्रकार तथा नेपाल सरकार शिक्षा मन्त्रालयबाट दुई पटक शिक्षा पुरस्कारबाट पुरस्कृत एवम शिक्षा र सुशासनका अभियन्ता जयकृष्ण यादव, पत्रकार एवम् अधिकारकर्मी एवम् अधिवत्ता सुकदेव चौधरी, मानव अधिकार सञ्जालका सुनसरी अध्यक्ष रमेश भट्टराई, पवन रौनियार,अमर काफ्ले लगायतका रहेका थिए ।

**कार्यक्रम संचालन स्थान :** सहभागिहरुको अनुकुलतालाई मध्यनजर राखि इनरुवा नगरपालिका कार्यालयमा सुनुवाई गरिएको छ ।

**कार्यक्रम अबधि :** सर्वेमा ७ दिन र कार्यक्रम एक दिन गरिएको छ ।

**आयोजक संस्था :**

- सार्वजनिक सुनुवाईमा नागरिक सन्तुष्टि सर्वेक्षण संचालनका लागि आबश्यक प्रशासनिक कार्य गरि सम्बन्धित निकायको सललाह सुझाब ग्रहण गरि काम गर्ने र सार्वजनिक सुनुवाई सम्पन्न गरि सम्बबन्धित निकाय इनरुवा नगरपालिकामा प्रतिबेदन पेश गरेको छ ।

**कार्यक्रमको आशातित उपलब्धि :-**

- नागरिकमा स्थानीय सरकारले गरेको कामको बारेमा जानकारी प्रवाह गरेको सन्देश गएको छ ।

- यहाँका सरोकारबालाहरुले नागरिकहरुका लागि शुसाशन बारेमा सचेतना मुलक कार्यक्रम गरिएको र सरकारी सेवाको अनुगमन वा सर्वे भएको सन्देश गएको छ ।
- हाकाहाकी प्रस्नोत्तरको मञ्च पाएको सन्देश प्रवाह भएको छ र नागरिक अधिकार प्रति उत्प्रेरकको रुपमा उभिने भएको छ ।
- नागरिकको सुसुचित हुने अधिकारको उपयोगिताका बारेमा जानकारी भएको र कर्तव्यको बोध भएको छ ।
- सार्बजनिक चासो र हितका विषयमा चिन्तन गर्न सक्ने भएका छन्
- सुशासन सहित समग्र विकास र नेतृत्वमा नागरबासीहरुले दिर्घकालिन फाईदा लिईनेछ ।

**उपलब्धिहरुको मापन तथा रिन्तरता :**

- बिभिन्न वडाहरुमा त्रैमासिक वा चौमासिक रुपमा गर्ने र असल तथा सुधार गर्नुपर्ने विषयहरु उजागर गर्ने ।
- यही कार्यक्रम टेलिभिजन र अनलाईनमा समेत दृष्य, श्रव्य सामग्री प्रशारण गरेकाले पारदर्शिता बढेको छ ।

**चुनौतिहरु :**

- सबै नागरिकलाई एकैठाउँमा भेला गर्न कठिनाई भएको
- उच्चस्तरका गुणस्तर कायम गर्न सुशसान कार्यक्रमले जस नपाउन सक्ने स्थिती भएको ।

**समाधानका उपाय :** १० वटै वडाहरुमा त्रैमासिक वा चौमासिक रुपमा गर्ने र नगरले पनि बिभिन्न तीन चौमासिकमा सार्वजनिक सुनुवाई नियमित रुपमा गर्ने

............................
जयकृष्ण यादव (सहजकर्ता)

# साझेदारी नेपाल

**सुनसरी**

**स्थापना :२०७०**

**मिति : २०७९।१२।०५**

प.स.०७९।०८०

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,

इनरुवा नगरपालिका, नगर कार्यापालिकाको कार्यालय,

इनरुवा , सुनसरी ।

विषय : **कार्यक्रम फछ्यौट गरी सम्झौता रकम उपलब्ध सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा साझेदारी नेपाल सुनसरीले इनरुवा नगरपालिका कार्यालयको सहयोगमा नगरको पहिलो र दोस्रो चौमासिक **सार्वजनिक सुनुवाई कार्यक्रम** सम्पन्न गरिएको यहाँलाई सर्वविदितै छ ।

यहाँका समग्र नगरबासीहरुलाई लक्षित गरेर **सार्वजनिक सुनुवाई कार्यक्रम** सम्पन्न गरेकोले कार्यक्रमको फछ्यौट गरी सम्झौता अनुसारको रकम उपलब्ध गराई दिनहुन अनुरोध गर्दै यो निवेदन पेस गरेका छौं ।

कार्यक्रमको प्रगती प्रतिवेदन, विल भरपाई र फोटो समेत संल्गान गरी संस्था र इनरुवा नगरपालिका कार्यालयको बीच भएको सम्झौता अनुसारको रकम साझेदारी नेपालको राष्टिय वार्णिज्य बैंकको खाता नम्बर २२२०१००००५७८०००१ मा उपलब्ध गराई कार्यक्रमको फछ्यौट गरी दिन हुन अनुरोध गर्दै यो निवेदन पेस गरेका छौं । कार्यक्रम सम्पन्न भएको विषयमा विभिन्न संचार माध्यमा समाचार तथा सूचनाहरु प्रवाह भएको समेत जानकारी गराउदछौं ।

..............................

(कार्यक्रम संयोजक)

## फोटोमा सार्वजनिक सुनुवाई कार्यक्रमको झलक











साझेदारी नेपाल सुनसरीले इनरुवा नगरपालिका कार्यालयको सहयोगमा नगरको आ.व. २०७९।०८० को पहिलो र दोस्रो चौमासिक **सार्वजनिक सुनुवाई कार्यक्रम झलक बाकी भिडयो र मकालु टिभिमा प्रसारित सामग्री पनि पेश गरिएको छ।**

# साझेदारी नेपाल इनरुवा ९, सुनसरीको
## सहजिकरणमा इनरुवा नगरपालिकाको कार्यालय इनरुवा सुनसरीको
## सार्वजनिक सुनुवाई कार्यक्रम २०७९ (प्रथम र दोस्रो चौमासिक)

**का लागि नागरिक प्रतिवेदन अभिमत (CitizenReportCard) संकलन गर्ने ढाँचा**

अनुसची–२

बुँदानम्बर ३.६.१ सँगसंबन्धितप्रश्नावलीभाग–१

नागरिक प्रतिवेदन ( १०० जनासंग)

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

उत्तरदाताको नाम र थरः–..............................................जात जातिः...................लिङ्गः( )

महिला()पुरुष() उमेर............शिक्षा.....................................पेशा............

ठेगानाः......................................नपा, वडा नं..........सम्पर्क फोन नं...................

---

१.सेवाको सन्तुष्टि

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ?

सन्तुष्ट( **५०%** ) ठीकै ( ३० प्रतिशत) असन्तुष्ट ( २० प्रतिशत )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४० प्रतिशत ) ठीकै ( ३८ प्रतिशत) असन्तुष्ट (२२ प्रतिशत)

२.सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्तगर्नु पर्ने सेवामा लागेका समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट( ४० प्रतिशत ) ठीकै (५० प्रतिशत) असन्तुष्ट (१० प्रतिशत)

२.२ कार्यालय नियमित रुपमा(कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिका विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ५० प्रतिशत ) ठीकै( २० प्रतिशत ) अविश्वस्त (३० प्रतिशत )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त र कम तिर्न भयो ?

तिरेका छैन(९० प्रतिशत ) एकदम कम(४ प्रतिशत) धेरैतिरेका ( ६ प्रतिशत)

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिने लगाउन गरेको छ ?

१ दिन(७० प्रतिशत ) २ दिन (१६ प्रतिशत) धेरैदिन (१४ प्रतिशत)

३.सेवा प्रतिका जनविश्वास

३.१ यस संस्थाले दिने सेवा प्रति तपाई कतिका विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (५८ प्रतिशत ) ठीकै(२४ प्रतिशत) अविश्वस्त (१८ प्रतिशत)

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नुभएको छ ?

धेरै ( ५० प्रतिशत) ठीकै (२४) गरेका छैन (२६ प्रतिशत)

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईका विश्वास कत्तिको छ ?

धेरै ( ५० प्रतिशत ) ठीकै ( ३० प्रतिशत ) विश्वास छैन (२० प्रतिशत )

३.४ यस कार्यालयले विपन्न वर्गका लागि छुटयाएका सेवा प्रयोग गरेको थाहा पाउनुभएकोछ ?

छ (१० प्रतिशत) छैन (६० प्रतिशत) अलिअलि थाहा छ(३० प्रशितत )

४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएका जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (५४ प्रतिशत) कमसन्तुष्ट ( २६ प्रतिशत) असन्तुष्ट (२० प्रतिशत)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफु आफै (९० प्रतिशत ) गाउँका ठुलाबडाका (४ प्रतिशत) मध्यस्थकर्ता (६ प्रतिशत)

४.३ यस कार्यालयमा तपाईले एउटा कामका लागि कतिपटक धाउनु पर्‍यो ?

१ पटक ( ७० प्रतिशत ) २ पटक( १० प्रतिशत) सो भन्दा बढी ( २० प्रतिशत )

५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( ७० प्रतिशत ) ठीकै ( १० प्रतिशत ) नराम्रो ( २० प्रतिशत )

५.२ कार्यालयमा भएका नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?

छ ( १० प्रतिशत ) आंशिक जानकारी छ (६० प्रतिशत ) कुनै जानकारी छैन (३० प्रतिशत)

५.३ कार्यालय र सेवाग्रही बीचका सम्बन्ध कस्तो छ ?

अतिराम्रो ( ६० प्रतिशत ) ठीकै (२० प्रतिशत) खासै राम्रो छैन (२० प्रतिशत)

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति ( ६० प्रतिशत) ५० प्रतिशत भन्दामाथि( १० प्रतिशत ) थाहाछैन ( ३० प्रतिशत )

५.५ नगरसभा(परिषदमा)राष्टिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिका प्रतिनिधित्व भएको छ ?

छ (४० प्रतिशत ) ठीकै छ ( १० प्रतिशत) प्रतिनिधित्व साह्रै कम छ (५० प्रतिशत )

**६.नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै ( १० प्रतिशत ) कम (४० प्रतिशत ) गरेका छैन ( ५० प्रतिशत )

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कतिहदसम्म सेवाप्रदान गरेको जस्तो लाग्छ ?

धेरै ( ५० प्रतिशत ) ठीकै (१० प्रतिशत ) अतिकम (४० प्रतिशत )

६.३ तपाईका विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरैभएको छ ( १० प्रतिशत) ठीकै भएको छ ( २ प्रतिशत) भएको छैन् (८८प्रतिशत)

## नागरिक प्रतिवेदनपत्र

१. सिफारिस सम्बन्धी

१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?

पाए (८० प्रतिशत ) ठीकैपाए ( १० प्रतिशत ) स्पष्ट पाइन( १० प्रतिशत )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्‍यो ?

दिए ( ८ प्रतिशत ) थोरैदिए ( ८ प्रतिशत ) मागिएन र दिइएन पनि (८४प्रतिशत)

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफु (९० प्रतिशत ) गाउँका ठुलाबडाका (४ प्रतिशत) मध्यस्थकर्ता (६ प्रतिशत)

१.४ राजस्व, शुल्क तथा दस्तुरको-कससंग उठाउने गर्दछन ?

सबैसँग कर उठाउँ छन(७० प्रतिशत) सीमित व्यक्तिसँग मात्र कर उठाउँछन् (१६ प्रतिशत ) धेरै वक्यौता रहने गरेको छ( १४ प्रतिशत )

२.पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईका अवस्था कस्तो छ ?

राम्रो (९० प्रतिशत) ठीकै (४ प्रतिशत) खराब (६ प्रतिशत )

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तहुन्छ (८० प्रतिशत) पटकपटक भनेपछि मात्र हुन्छ(१० प्रतिशत )जति भनेपनि हुन्न((१० प्रतिशत )

२.३ तपाईको विचारमा न.पा. ⁄ वडाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्ता किसिमले गर्छ ?

नियमित र राम्रोसंग (२० प्रतिशत )ठीकै गर्छ(५० प्रतिशत )नियमित रुपमा गर्दैन( ३० प्रतिशत )

२.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो( ५० प्रतिशत ) ठीकै ( २० प्रतिशत ) खराब (३० प्रतिशत )

२.५ सञ्चालन गरेको योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् ( ५० प्रतिशत ) ठीकैछन् (२० प्रतिशत) प्रभावकारी छैनन (३० प्रतिशत )

२.६ योजनाका बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज(७० प्रतिशत ) ठीकै सहज (१६ प्रतिशत ) अप्ठयारो (१४ प्रतिशत)

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन( ९० प्रतिशत ) मागेरै लिन्छन् (६ प्रतिशत ) रकम नदिए अप्ठयारो पार्छन( ४ प्रतिशत )

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

सजिलै पाइयो( ५० प्रतिशत ) कहिले्काही पाइयो( ४० प्रतिशत )माग गर्दा पनि पाइएन( १० प्रतिशत )

२.९ विकास निर्माणको बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?

सजिलै पाइन्छ ( २० प्रतिशत ) सोधेपछि पाइन्छ(४० प्रतिशत )सोधे पनि पाइदैन(४० प्रतिशत )

२.१० यस नगरपालिकाको नियम तथा आचारसंहिता पालना भएको छ ?

पालना भएको छ( २० प्रतिशत ) ठीकै पालना भएको छ( ४० प्रतिशत ) कत्ति पनि पालना भएको छैन(४० प्रतिशत )

२.११ योजना सञ्चालन गर्दा गा.पा. ⁄ वडाबाट कत्तिको सहयोग पाउनुभएको छ ?

धेरै सहयोग पाएको छु (२० प्रतिशत ) ठीकै सहयोग पाएको छु ( ५०प्रतिशत ) निरुत्साहित गरिन्छ ( ३० प्रतिशत )

३. यस कार्यालयका तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध( ४०प्रतिशत ) कम श्रोत उपलब्ध( ४० प्रतिशत ) अतिकम श्रोत उपलब्ध ( २० प्रतिशत )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल(१० प्रतिशत ) ठीकै (६० प्रतिशत ) जटिल (३० प्रतिशत )

३.३ कार्यालयमा भएको कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (६० प्रतिशत )आवश्यकता भन्दा कमै छ( १० प्रतिशत ) सीप निकै कम छ (३० प्रतिशत )

३.४ न.पा. ⁄वडाका आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु ( ६ प्रतिशत )कहिलै काँही टाँसेको देखिन्छ(१६ प्रतिशत ) खै कतै देखिएन( ७८ प्रतिशत )

३.५ कार्य सम्पन्नका आधारमा मूल्यांकन भएको छ कि छैन् ?

छ (१० प्रतिशत ) ठीकै मूल्यांकन हुने गरेको छ ( ७० प्रतिशत ) कहिलै पनि भएको थाहा छैन ( २० प्रतिशत )

३.६ वर्तमान कार्यसञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ३० प्रतिशत ) ठीकै(४० प्रतिशत ) कुनै जानकारी छैन(३० प्रतिशत)

४.पारदर्शिता सम्वन्धी

४.१ न.पा. ⁄वडामा अहिलेसम्म यसवर्ष कतिवटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भए ?

१ वटा( १० प्रतिशत ) २ वटा (१० प्रतिशत ) कार्यक्रमबारे कुनै जानकारीनै छैन (८० प्रतिशत )

४.२ न.पा. ⁄वडामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै (१० प्रतिशत ) कम ( १० प्रतिशत ) भएकै छैन (८० प्रतिशत )

४.३ न.पा. ⁄वडामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएकोछ(२० प्रतिशत ) अहिलेसम्म सञ्चालन भएकै छैन(७० प्रतिशत ) कार्यक्रमबारे कुनै जानकारी नै छैन (१० प्रतिशत )

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?

धेरै( १० प्रतिशत) ठीकै( १० प्रतिशत ) कम( ८० प्रतिशत )

४.८ सार्वजनिक सुनुवाइका अनुगमन गर्न संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेकोछ (१० प्रतिशत ) कुनै संयन्त्र बनेको छैन (८० प्रतिशत ) कुनै जानकारीनै छैन( १० प्रतिशत )

४.९ यस कार्यालयका वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनुभएकोछ?

धेरै जानकारी पाएको छ( १० प्रतिशत ) ठीकै जानकारी पाएकोछ (६० प्रतिशत ) कम जानकारी पाएको छ (३० प्रतिशत)

साझेदारी नेपाल., इनरुवा ९, सुनसरीको सहजिकरणमा इनरुवा नगरपालिकाको कार्यालय इनरुवा सुनसरीको सार्वजनिक सुनुवाई कार्यक्रम २०७९ को लागि वहिर्गमन अभिमत **(Exit Pool)** संकलन गर्ने ढाँचा

बुदाँ नम्बर ३.४.१ संग सम्बन्धित

१, सेवाग्रहीका लिंग : महिला । पुरुष २, जातजाती ..............................

३, उमेर : ......................४, शिक्षा .....................

५, कार्यालयसम्म आईपुग्दाको समयः ........................

६, यस कार्यालयका काममा मात्र आउनुभएको हो वा अन्य कामका लागि पनि.................

७, कार्यालयमा के काममा लागि आउनुभएको हो ?

.....................................................................

| सि.नं. | सेवाको नाम | मूल्यांकन उपयुक्त कोष्ठमा रेजा ( )- लगाउनुहोस | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को संग सर्म्पक गर्ने भन्ने बारेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | ८०% | १६ % | ४ % |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईका आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | ५० | ३० | २० |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्ता व्यवहार गर्‍यो ? | मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र । अमर्यादित |
| | | ५० % | ३० % | २० % |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु(प्रमाण कागजात र शुल्क तस्तुर बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे की ? | अति स्पष्ट | ठीकै | अलमल हुने गरि अस्पष्ट |
| | | ६० % | २० % | २० % |
| ५ | तपाईले राख्नुभएको समस्यालाई के कस्ता समाधान दिए ? | अति सजिलो | ठीकै | समाधान दिएन |
| | | ५० % | ३० % | २० % |
| ६ | सेवा प्राप्त गर्न अपनाइएका प्रकिया के कस्तो लाग्यो ? | अति सजिलो | ठीकै | लामो र झन्झटिलो |
| | | ६० % | २० % | २० % |

**कार्यालयका कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

| **राम्रा लागेका कुराहरु** | **सुधार गर्नुपर्ने विषयहरु** |
|---|---|
| १. सामाजिक विकास र भौर्तिक पूर्वाधारको काम विगतको भन्दा राम्रो भएको , विगतको भन्दा वडाको सेवा प्रवाहमा छिटो छरितो भएको ।<br>२, वडामा जनप्रतिनिधिहरु, कर्मचारीहरुबाट सरल र मिठासपुर्ण व्यवहार हुनु ।<br>३, तुलनात्मक रुपमा सरसफाईमा ध्यान दिएको ,वडा कार्यालय आकर्षक देखिएको ,<br>४, अध्यक्ष सहितका जनप्रनिधिहिरु बीचमा तालमेल भएको ,<br>५, विकास निर्माणका कार्यले गति लिएको ,<br>६, जिर्ण र विकासको आश मरेका बाटोहरु बन्न थालेको ,<br>७, वडामा अनुगमन प्रभावकारी बनाइएको<br>८, केही विद्यालयमा आईसिटिको व्यवस्था भएको ,<br>९, योजनाहरु पारदर्शी रुपमा कतै उपभोक्ता समिति र कतै कोटेसन तथा टेण्डर मार्फत भएको<br>१०.स्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्ती व्यवस्थापन भएको<br>११. सबै स्वास्थ्य चौकीमा निशुल्क औषधी पाईएको<br>१२. बालमन्दीर माविमा अग्रेंजी माध्यमको शिक्षाले उत्साह बढेको<br>१३. विद्यालयहरुमा माटो पुर्ने काम गरेको<br>१४. अधुरा सडकहरुमा काम सुरु भएको<br>१५.धार्मिक स्थलहरुको जिर्णोद्धार सुरु भएको | १. काममा परदशिता र वडा कार्यालयको हकमा वडा अध्यक्ष र सचिव कार्यालय समयसम्म पूर्ण रुपले नबसेकाले कार्यालय सयमसम्म बस्नुपर्ने ,<br>२.कहिकतै जानु परेको प्रभावकारी सूचना वडा कार्यालयमा लिखित रुपमा राख्नुपर्ने , योजनाका स्टिमेटहरु सबैलाई खाजेकेको बेला देखाउनुपर्ने वा उपलव्ध गराउनुपर्ने,<br>३,कार्यालयमा काम गर्ने समयमा जनप्रतिनिधिदेखी कर्मचारीसम्मले मोवाईल खेलाएर बसेकाले अचारसंहिता बनाई लागु गर्नुपर्ने,<br>४, कहिलेकाही इन्जिनियर तथा सव इन्जिनियरहरु एकै पटक बाहिर जाने गरेकाले समस्या देखिएकोले त्यसलाई रोक्नुपर्ने वा कहाँ गएको सूचना पार्टीमा खुलाउनुपर्ने ? सुझाव आएको ,<br>**शिक्षाका लागि आएको सुझावहरु**<br>१. पाठ्यघण्टाका आधारमा पठनपाठ गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने । हाल शुक्रबार ४ घण्टी पश्चात् छुटि दिने गरेकोले त्यसलाई छुट्टी भन्दा अतिरिक्त कार्यक्रमको वतावरण सृजना गर्नुपर्ने ।<br>२. मावि तहमा प्रअ नियुक्तको प्रक्रिया थालेर योग्यता प्रणालीको अभ्यास गर्नुपर्ने । जुन शिक्षा ऐन नियमावलीमा व्यवस्था छ ।<br>३. शैक्षिक क्षेत्रमा वार्षिक कार्यतालिका र वार्षिक कार्य योजनाका बनाई लागु गर्नुपर्ने<br>४. शिक्षकहरुलाई पेशागत तथा विषयगत पुनरताजगी प्रशिक्षण तालिम दिई पाठ नोटका अधारमा शिक्षण गर्नुपर्ने ।<br>५. विद्यालयको बार्षिक अभिभावक भेला र सामाजिक परीक्षण नियमित गर्नुपर्ने ।<br>६. अनियमित हुने विद्यार्थीका समस्या समाधान जाँचबुझ समिति बनाउनुपर्ने ।<br>७. कार्यसम्पादनको अधारमा नगरस्तरी शिक्षक समान गर्नुपने, शिक्षामा दण्ड र पुरस्कारको नीति अवलम्बन गर्नुपर्ने ।<br>८. शैक्षिक क्षेत्रमा प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको समयन्त्र निर्माण गर्नुपर्ने<br>९. माग र पहुँचका आधारमा नभई आवश्यकताका आधारमा भौतिक पूर्वाधार र अन्य कार्यक्रम लागूगर्नु पर्ने ।<br>१०. विव्यसलाई निर्देशिकामा भएको व्यवस्था अनुसार क्षमता विकास तालिम दिई प्रभावकारी बनाउनुपर्ने ।<br>११, शिक्षक र विधार्थीका लागि अन्तरविद्यलाय भ्रमण कार्यक्रम गर्नुपर्ने<br>१२, शिक्षक, विधार्थी र जनप्रतिनिधिका बीचमा त्रैमासिक रुपमा अन्तरकृया गर्नुपर्ने<br>१३, विद्यालयको सम्पती र जग्गाहरुको जोजविन गरि नापजाच सहित उपयोगमा ल्याउनुपर्ने, माविहरुमा कक्षा १२ र प्राविधिक धारको पढाईका लागि पहल गर्नुपर्ने<br>१४, विद्यलायमा अनावश्यक दबाव न्युनिकरण गर्नुपर्ने<br>१५, विधार्थीलाई शिक्षकको लकबुक भर्ने अभ्यास वा विद्यलाय डायरी भर्ने अभियान चलाउनुपर्ने<br>**स्वास्थ्य तर्फ**<br>१. नगरका चार वटै स्वास्थ चौकीहरुमा प्रसुति गृह संचालन गर्नुपर्ने, |

| | |
|---|---|
| १६. विभिन्न वाटोहरु नाला सहित फराकिलो पारिएको -(इनरुवा १ को अस्पताल रोड)<br>१७. वडा अध्यक्ष, सचिव, प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृत तथा शाखा प्रमुख सहितकाले समग्रमा सबैसंग मिलनसार व्यवहार गरेको<br>१८, वडादेखी नगरपालिकासम्म समन्वयमा काम भएको<br>१९, निर्णय गरेर काम गर्ने परिपाटीको विकास भएको र मौखिक तथा एकल तोक आदेशको कामलाई निरुत्साहित गरेको<br>२०, शाखाहरुको व्यवस्थापन भएको<br>२१, महिला तथा अपांगता भएका व्यक्तिहरुका लागि तामिलको व्यस्था भएको<br>२२, स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु वडा तहसम्म गरेको<br>२३, जनतासंग नगरप्रमुख कार्यक्रमको थालनी भएको<br>२४, नगरपालिका कार्यालयको निणर्यहरु सार्वजनिक हुने गरेको र प्रवक्ताको व्यवस्था गरेको<br>२५, नगरपालिकाको फेसबुक पेज र वेवमा सूचना तथा जानकारीहरु प्रवाह गर्ने गरेको<br>२६, कृषि र पशुमा सहजताका लागि अधिकृत सरहको जनशक्ती व्यवस्थापन गरेको<br>२७, सुशासनका लागि सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि पारित गरेको र कार्यान्वयनमा ल्याएको<br>२८, निशुल्क स्वास्थ्य शिविर वडावडामै गरेको | चौकी कार्यालय समयसम्म खुला राख्नुपर्ने ।<br>२. चौकीमा ३५ प्रकारका न्युनतम औषधीको व्यवस्थापन गर्नुपर्ने, चौकीमा स्वास्थ्यकर्मी भेटाउनुपर्ने ।<br>३. विदा तथा अनुपस्थितको विवरण लगबुकमा भर्ने व्यवस्था गर्नुपर्ने ।<br>४.महिला स्वास्थ्य स्वमसेविका र स्वास्थ्यकर्मीहरुलाई गाउँघरमा नै गएर स्वास्थ सचेतना फैलाउने कार्य गनुपर्ने ।<br>५. आवश्यकता भन्दा बढी भएका जनशक्तिलाई फिल्डमा प्रभाकारी ढंगले परिचालन गर्नुपर्ने ।<br>६, स्वास्थ्यको खोप कार्यक्रम र नियमित कार्यक्रमहरु जनसहभागितामा गर्नुपर्ने र पारदर्शी पनि गर्नुपर्ने<br>वडा तथा नगर तर्फ<br>१. सेवाग्राहीलाई सहज तरिकाले सेवा दिनका लागि हेल्प डेक्स राखि निशुल्क रुपमा निवेदन लेख्ने, फारम वितरण गर्ने र अन्य परामर्शको व्यवस्था वडाहरुमा गर्नुपर्ने<br>२. कार्यालय पोसाक र परिचय पत्र सम्पूर्ण कर्मचारीहरुले लगाउनुपर्ने ।<br>३. नेम प्लेट भएको कर्मचारी बाहेक अरु कर्मचारी त्यस कुर्सी बस्न नहुने ।<br>४.विदाका दिनमा अनुमति लिई मात्र सवारी साधनको प्रयोग गर्ने ।<br>५. अख्तियार पाएका बाहेक सरकारी सवारी अरुलाई चलाउन नहुने ।<br>६. अनलाइनद्वारा फर्म भरेर घरमा नै सेवा दिने नमुना अभ्यासको थालनि गर्नुपर्ने ।<br>७. नगदी रसिद काटिने सिफारिसहरुको दर्ता चलानी अनलाइन गर्नुपर्ने । यसो गर्दा राजश्व चुहावट रोक्न सकिन्छ ।<br>८. योजनाको सार्वजनिकीकरण निर्माण स्थलमा नै गरि लागतको सामाजिक परीक्षण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।<br>९. सेवाग्राहीमैत्रि कर्मचारी र जनप्रतिनिधि बनाउन तालिम दिई मुस्कान सहितको सेवा दिनुपर्ने ।<br>१०. सार्वजनिक सम्पति तथा कार्यालयको सम्पत्ति संरक्षण गर्नुपर्ने,एलानी, पर्ती, सार्वजनिक खोलानाला, नहर, खेलमैदान, नदि समेतका जग्गाको खोजिनिति गर्नुपर्ने<br>११, प्रत्येक वडाहरुले गाउँटोलकै विद्यार्थीसँग जनप्रतिनिधि वा यी यस्तै नामका अन्तरक्रिया, छलफल कार्यक्रम गर्नुपर्ने ,<br>१२, वडामा मागमा अधारित कृषि, पशु र अन्य कार्यक्रम जस्तै लोकसेवा तयारी कक्षाको व्यवस्था गर्नुपर्ने,<br>१३, ईनरुवाको गहनाका रुपमा रहेको जिल्ला अस्पताललाई शिक्षण अस्पतालको रुपमा स्तोरोन्ती गर्नुपर्ने,<br>१४, जेल मैदान राष्ट्रियस्तरको रंगशाला बनाउनुपर्ने<br>१५, सोमबारे हाट,बिहिवारे हाट र सुनसरी क्याम्पस अगाडिको तरकारी बजारको आधुनिकीकरणमा ध्यान दिनुपर्ने<br>१६, पशु सेवा केन्द्र बबियामा नगर पशु अस्पतालको रुपमा स्तोरोन्नती गर्नुपर्ने,<br>१७, जल्पापुरबाट सखुवागाछीसम्म नगर बस सञ्चालनको व्यवस्था गर्नुपर्ने ।<br>१८, रोजगारी सृजना हुने खालका कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकतामा राख्नुपर्ने ।<br>१९, कार्यालयले सरसफाई र खानेपानीको व्यवस्थापनमा ध्यान दिनुपर्ने |

| | |
|---|---|
| २९, वडा नम्बर ३ को वडा कार्यालय निर्माण कार्य सुरु भएको<br>३०, खर्च विवरण र प्रगति विवरणको<br>सर्वाजनिकिकरणको अभ्यास चरणमा रहेको | ।<br>२०, लक्षित वर्गको योजना निर्माण गर्दा सम्वन्धित समूहलाई नै प्राथमिकतामा राखि योजना तयार गर्नुपर्ने ।<br>२१, नागरिकको सूचनामा पहुच बढाउने र उपलव्धतामा सरलता बनाउनुपर्ने<br>२२, नागरिक वडा पत्रलाई नियमित रुपमा अद्यावधिक गर्नुपर्ने,<br>२३. उपभोक्ता समितिको काममा एक रुपता हुनुपर्ने<br>२४. स्टिमेट अनुसारको काम समयमा हुनुपर्ने<br>२५. विकासमा जनसहभागिता बढाउनुपर्ने, नागरिकको सहभागितामा प्रत्येक वडामा चौमासिक रुपमा र नगरले पनि संयुक्त रुपमा त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण, स्वास्थ्य, विद्यालय, गाउँ टोलका नागरिकसङ्ग प्रत्यक्ष साक्षतकारले लाभ पुग्ने भएकाले ध्यान दिनुपर्ने ।<br>२६, स्वास्थयकर्मिहरुको नियमितताका लागि अनुगमन प्रभावकारी बनाउनुपर्ने<br>२७, सडकबाटो निर्माण गर्दा अमिन लगाएर छुट्याउनुपर्ने<br>२८, सरकारी सम्पती संरक्षणका लागि संयन्त्र निर्माण गर्नुपर्ने<br>२९, बाल संरक्षण सम्बन्धी ऐन ल्याउनुपर्ने, बाल संरक्षण अधिकृतको व्यवस्था गर्नुपर्ने, लक्षित वर्गको कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्ने, |

कार्यक्रममा आएको कृयाप्रतिकृया र पिरमार्का अभिलेख

| क्र. स. | प्रतिकृया र प्रश्न राख्नेको नाम | गुनासो वा प्रतिकृयाको विवरण | जवाफ दिने व्यक्ति | जवाफको अशं र विवरण |
|---|---|---|---|---|
| १ | कुमार प्रसाद पोखरेल इनरुवा ५ | भलिबल र क्रिकेट खेल किन नियमित हुदैन ? खेलमैदान उपभोक्ता समिति किन पारदशी छैन ? टोल विकास संस्था आवश्यक छ कि छैन् ? राष्टपती कपको खर्च किन पारदर्शि नगरेको ? | केदार भण्डारी प्रमुख | भलिबल र क्रिकेट खेल नियमित छ ।<br>खेलमैदान उपभोक्ता समिति पार<br>आवश्यक छ ।<br>राष्टपती कपको खर्च पारदर्शि गरे |
| २, | प्रमोद आचार्य इनरुवा ३ | हुलाक अगाडीको बाटो किन समयमा नबनेको हो ? नगरपालिकाकाको गतिनिधि किन पारदर्शि नभएको हो ? | केदार भण्डारी प्रमुख | हुलाक अगाडीको बाटो स्थानी भएको हो । तागेदा भएको नगरपालिकाकाको गतिनिधि सबै मात्रै फरक हो । |
| ३, | शिव कुमार यादव इनरुवा २ | खेलमैदान निर्माणमा ढिलाई किन ? उपभोक्ता समितिमा बाहिरका लाई किन राखेको छ ? खेलको विकासमा कोचको व्यववस्था गर्नुपर्ने ? | केदार भण्डारी प्रमुख | खेलमैदान निर्माणको कुरा आफू जहाँसम्म उपभोक्ता समितिमा ब ५ पनि इनरुवामै पर्ने भएकाले कोचको व्यववस्था गर्न पहल हुन्छ |
| ४, | प्रेम पौडेल इनरुवा ४ | नगरको बाटोको आयु र कालोपत्रेको आयु बारेमा गम्भिर बन्नुपर्ने, सडक निर्माण गर्दा नालाको व्यवस्तथा हुनुपर्ने, सुकुम्बासीलाई व्यवस्थित गर्नुपर्ने, कृषि अनुदानको पारदर्शीता गर्नुपर्ने, विकासको गति बढाउनुपर्ने, | केदार भण्डारी प्रमुख | सुझावका लागि धन्यवाद । पहल |
| ५, | प्रकाश मेहता इनरुवा २ | खुल्ला जिमले के गर्दैछ ? विद्यालयको मैदान पुर्ने काममा जेसिवी र टाक्टर खर्च कति भयो ? लास जलाएको माटो किन खाटेको ? घण्टाघर किन रोकेको , आवश्यक काम किन नगरेको ? | केदार भण्डारी प्रमुख | पहिलाको कुरा हो बुझ्छु । आवश् |
| ६, | ध्रुवराज पोखरेल इनरुवा ३ | इनरुवा ३ मा बाटो नाप्ने काम मात्रै भयो ? खानेपानी सुविधा भएन् ? | केदार भण्डारी प्रमुख | आवश्यक काम हुन्छ । |
| ७, | श्यामहरी भट्टराई इनरुवा ५ | सार्वजनिक सुनुवाईमा पूर्व मेयर, वडा अध्यक्ष पनि हुनुपर्ने, शारदा टोलको ढल निकासको मापण्ड के हो ? कोदालो नअट्ने नालाको के काम ? लाग्न इस्टिमेट खोई ? पानी हाल्ने बाटोले फोक्सो जाम भयो । गाईफर्मको रकमा अनियमितता वा बजेट फिर्ता के हो ? कर्मचारी व्यवस्थापन किन नगरेको ? १४ जना भर्ने तर ५७ जना निकाल्ने के हो पारा ? नगर खेलकुद विकास समिति मार्फत सबै खेलकुद गर्नुपर्ने । सुपर मार्केटको सटर भाडा टेण्डरबाट गर्नुपर्ने , कृषि सामग्री अनुदान पारदर्शि गर्नुपर्ने | केदार भण्डारी प्रमुख | प्रश्न र सुझावका लागि धन्वयवा |
| ८, | प्रेमलाल ठाकुर इनरुवा ८ | विमा कस्तो व्यक्तिलाई गर्ने हो ? स्वास्थ्य शिविरमा कति खर्च भयो ? महेन्द्र चौकदेखी गणेशपुरको बाटो कालोपत्रे कहिले हुन्छ ? | केदार भण्डारी प्रमुख | कानुनी व्यवस्था र नगरको नी हुन्छ । स्वास्थ्य शिविरमा खर्च क्रमशः हुन्छ । |
| ९, | कुमार कर्ण इनरुवा २ | नगर प्रहरीको प्रभावकारी भुमिका, सिटी टेम्पोलाई व्यवस्थीत किन नगरेको ? शिक्षामा सुधारको खाचो छ , इनरुवा २ मा यूएन पार्क किन सुरु भएन ? | केदार भण्डारी प्रमुख | आवश्यक काम योजनाबद्ध रुपमा |

| | | | | |
|---|---|---|---|---|
| १० | रोहित चौधरी इनरुवा ९ | नगरको भवन र संरचनाहरु आपांगमैत्री किन नबनाएको ? चरा संग्राहलयको औचित्य के ? इनरुवा ४ को कालोपत्रे बाटोमा अनुगमन समिति र कार्वाही कहाँ पुग्यो ? कृषि र पशुमा रकम किन कम भएको ? सार्वजनिक जग्गा अधिक्रमण बढ्यो । | केदार भण्डारी प्रमुख | नयाँ बन्ने सबै अपागंमैत्री हुनेछ । चरा संग्राहालयको कुरा पुराना अगाडी बढेको छ । कृषि र पशु यसमा चिन्तित छु । सार्वजनिक हुन्छ । |
| ११ | दिलिपचन्द साह इनरुवा ९ | बालमन्दिर र शारदा माविको स्तर किन बढेन ? भौतिक पूर्वाधार विज्ञान प्रयोगशाला, इट्टा भट्टाले स्कूलको जग्गा दुरुपयोग गर्‍यो । क्याम्पस जाने बाटोमा हाट व्यवस्थापन किन नभएको ? इनरुवा अस्पतालमा सिटी स्क्यान र निशुल्क औषधी किन नपाएको ? इनरुवा १, ३ र ५ मात्रै विकास किन ? साविकको सिडियो अफिस किन मरुभुमी , कामको प्राथमिकता खोई, कुरुवा खोलाको पुल निर्माणमा किन ढिलाई ? बाटोको अनुगमन गर्ने जिम्मा कस्को ? शिक्षा र स्वास्थ्यमा लाभ दिने कार्यक्रम खोई । | केदार भण्डारी प्रमुख | यर्थात परक प्रश्न र सुझावका काम हुन्छ । एकैपटक सबै काम जाने बचन दिन्छु । |
| १२ | सिताराम पोदार इनरुवा १ | इनरुवामा नगर अस्पताल कहिले बन्छ र भएको जिल्ला अस्पातलको स्तोरोन्नती कहिले हुन्छ ? नाला सरसफाईको काम कहिले हुन्छ ? | केदार भण्डारी प्रमुख | धन्यवाद छ हजुर । सरसफाईको आवश्यक काम हुन्छ । |
| १३ | कलाधर पोखरेल इनरुवा ५ | बैठकको भाषण जस्तो सार्वजनिक सुनुवाई हुनुभएन । सडक र नाला सरसफाईको काम नियमित नहुदाँ पोखरी जस्तो भयो । शारदा टोलको ढल सडक माथि छ किन , प्राविधिक को हो ? उपमेयरको अनुगमन विना भुक्तानी किन दिएको ? | प्र.प्र.अधिकृत दशरथ राई | सहभागीको मागलाई ध्यानमा रा छ । सरसफारई नियमित छ । अ छ । |
| १४ | गेहनचन्द्र ढुंगेल इनरुवा १ | स सना काम गर्नुपर्ने ढलनाला सरसफाई, कवर्ड हलको सवाल, बसपार्क किन संचालन हुने फेरी बन्द हुने काम भयो ? आवधिक योजना खोई ? | केदार भण्डारी प्रमुख | धन्यवाद छ हजुर । सरसफाईको आवश्यक काम हुन्छ । |
| १५ | वीरेन्द्र साह इनरुवा २ | प्रत्येक महिना वडावडामा सार्वजनिक सुनुवाई गर्नुपर्ने, इनरुवा २ डुवान क्षेत्र हुने, करोडौ भ्रष्टाचार भएको समाचार आएको ? | केदार भण्डारी प्रमुख | धन्यवाद छ हजुर । बाढीको बेला आवश्यक पहल र प्रयास हुन्छ । |
| १६ | सुरेश शर्मा इनरुवा २ | बजार बाढीमा डुवान क्षेत्र हुने गरेको छ । फोरोर व्यवस्थानमा समस्या छ , एलानी जग्गाको खोजी गर्नुपर्ने ? | केदार भण्डारी प्रमुख | धन्यवाद छ हजुर एकैनासको प्र सबैतिर डुवान समस्या छ । आव |
| १७, | उमेश बस्नेत इनरुवा ६ | फाईल खडा गर्ने, निर्देश्न दिने बाहेकको शिक्षा शाखाको काम के हो ? संखुवागाछीदेखी नहरसम्मको बाटोमा ढल सहितको कालोपत्रे कहिले हुन्छ ? भ्रष्टाचार नगर्ने कसम खाने सबैले ? | केदार भण्डारी प्रमुख | धन्यवाद छ हजुर । भ्रष्टाचारलाई पहल र प्रयास हुन्छ । कालोपत्रे |
| १८, | नारायण प्रसाद आचार्य इनरुवा ६ | यो कार्यक्रमको अर्थ छैन ? खानेपानी समस्या छ, करौडोको बजेट गायव छ । | केदार भण्डारी प्रमुख | धन्यवाद छ । सुझावका लागि |
| १९, | रामबाबु कटुवाल इनरुवा १ | कर्मचारी र नेता दुवै भ्रष्टाचारी हो । वडावडामा र नगरमा बढेको भ्रष्टाचार कम गर ? अस्पतालका डाक्टर सबै कार्यक्रम उपस्थित हुन्छ किन विरामी हेर्नुपरदैन् । | केदार भण्डारी प्रमुख | धन्यवाद छ । सुझावका लागि |
| २० | दिल कुमारी | चुनावका बेलामा दिपक थापाहरुले होटेलमा खाएको विल नतिरेकाले तिराई पाउँ हजुर । | केदार भण्डारी | यो बुझ्छु के भएको हो । |

| | | | | |
|---|---|---|---|---|
| | राई इनरुवा ६ | न्यायिक समितिमा दिएको निवेदनको सुनुवाई नै भएन् । | प्रमुख | |
| २१ | रमेश भट्टराई इनरुवा ३ | योजना तर्जुमाको प्रकृया पुरा नगरेको, सरकारी विद्यालयको खाजा प्रभावकारी नभएको, नीजि स्कूलमा १० प्रतिशत छुटको व्यवस्था बारेमा अनुगमन खोई ? | | |
| २२ | शिवप्रसाद यादव इनरुवा | खेल मैदानको पारदर्शिता खोई ? | | |
| २३ | वीरेन्द्र साह इनरुवा उवासंघ अध्यक्ष | बजारमा प्रहरी विट थप्नुपर्ने, सीसिटिभी जडान गर्नुपर्ने, ढल निकास र सरसफाईमा ध्यान दिनुपर्ने, नगर प्रहरी कार्यालय स्थपना गर्नुपर्ने, शिक्षा, युवा तथा खेलकुदमा एक एक जना प्रशिक्षकको व्यवस्था गर्नुपर्ने , सार्वजनिक सुनुवाई आफै सुन्दर पक्ष भएकाले निरन्तरता दिनुपर्ने, नगरमा ट्राफिक प्रहरीको आतंक बन्द गर्नुपर्ने, ठूला सबारी बजार प्रवेशका लागि समय तोक्नुपर्ने र मुल्यअभिवृद्धि करको १३.५ प्रतिशत फिर्ता पाउनुपर्ने । | केदार भण्डारी प्रमुख | यो सुझाब मनन गर्नेछु । |
| २३ | मणी दुलाल | सुशासनमा इनरुवा अगाडि बढ्दैछ । यसको निरन्तरता पाईयोस । | केदार भण्डारी प्रमुख | यो बुझ्छु के भएको हो । |
| | | | | |